युसेप नेपालको

# रूपान्तरण




UCEP
Since 1978

## त्रैमासिक पत्रिका

सानो ठिमी प्राविधिक शिक्षालय

सानोठिमी, भक्तपुर

# हार्दिक शुभकामना !

एक्काइसौं शताब्दी भनेको उत्तर आधुनिक युग हो । विश्वका बहुसंख्यक देशले आधुनिक युगमा विकास पार गरेर उत्तर आधुनिकतामा प्रवेश पाइसकेका छन् ।पृथ्वीलोकबाट क्रमश चन्द्रलोक, मंगललोक हुँदै अन्य नयाँ–नयाँ लोकहरुको खोजी र संभाव्यता अध्ययन गर्दैछन् ।

यता, हामी नेपालीहरु भने अझै पनि गरीबी, अशिक्षा, सामाजिक पछौटेपन र विभिन्न समस्याबाट जेलिएका छौं । यस पछौटेपनको मूल कारक तत्व भनेको अशिक्षा हो । अशिक्षाले गर्दा सामाजिक र व्यक्तिगत चेतना वृद्धि हुन सकेको छैन । अशिक्षाकै प्रभावले हामीमा विकास निर्माण गर्ने शक्ति र जाँगर उत्पन्न हुन सकेन । अझै परम्परागत ढंगबाट चल्न बाध्य छौ ।

हुन त राजनीतिक रुपबाट हामीहरु संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेका छौ । तर यसलाई व्यवहारिक रुप दिन निकै समय पर्खिनुपर्ने देखिन्छ । यसो भएतापनि शैक्षिक जाँगर र विकासको गति अगाडि बढाउने हो भने मुलुकमा धेरै समस्याहरु समाधान हुनेछन ।

शिक्षा क्षेत्रमा पनि विशेषगरी प्राविधिक–रोजगारी शिक्षा आजको आवश्यकता हो । प्रत्येक वर्ष लाखौं युवाशक्ति रोजगारीका निम्ति विदेश पलायन हुनु पर्ने बाध्यता छ । यस्तो अवस्थामा युवा शक्तिलाई नै प्राविधिक शिक्षा दिएर रोजगारी दिने वा स्वरोजगारका निम्ति सामर्थ्य बनाउनु अत्यन्त आवश्यक छ ।

यही उद्देश्य परिपूर्तिका लागि विगत तीन दशकदेखि **युसेप नेपाल** अविच्छिन्न रुपमा प्राविधिक शिक्षाको विकासमा योगदान पुऱ्याउँदै आएको छ । यहाँबाट शिक्षा प्राप्त गरेका युवाशक्ति रोजगारमुखी भएर देश–विदेश फैलिएका छन् । हामीले यस वर्षदेखि शिक्षा र तालिम सगँसगैं विद्यार्थीहरुको प्रतिभा विकसित गर्न अतिरिक्त कार्यक्रमहरु पनि सञ्चालन गर्न थालेका छौं ।

रुचि अनुसार सिर्जनात्मक क्रियाकलापमा पनि प्रशिक्षित गराएका छौं । विद्यार्थीहरुले कविता, गीत, कथा, निबन्ध पत्रकारिता अथवा चित्रकला सम्बन्धी अभ्यास गरेर आफ्नो प्रतिभा विकसित गराउने अवसर प्रदान गरेका छन् । यही कुरालाई ध्यानमा राखेर **"रुपान्तरण"** नामक पत्रिका समेत प्रकाशित गर्न पाउँदा ज्यादै खुसी लागेको छ । निश्चय पनि यस प्रकाशनले भाइबहिनीहरुमा उमङ्ग र प्रेरणा जगाउनेछ । म यस **"रुपान्तरण"** को निरन्तरताका निम्ति कामना गर्दछु । साथै सिर्जनात्मक अभ्यास गरेर यहाँबाट आ–आफ्ना क्षेत्रमा फर्किनु हुने भाइबहिनीहरुको सिर्जना यात्रा निरन्तर अघि बढिरहोस् भन्ने सद्भाव पनि प्रकट गर्दछु ।

रामकृष्ण निराला
अध्यक्ष,
युसेप नेपाल

Dear Editorial Team
RUPANTARAN

Congratulations! On behalf of UCEP Nepal and STTS family, I would like to extent Commendation on the very novel effort of publishing 'RUPANTARAN'. It has also been my personal interest to support and create and create as many opportunities as possible for our students who come from as many different places around the country with as many talents and potentials. I would like to thank the entire team who worked hard to bring this first issue to publication Keep up the good work and I look forward to.reading the coming issues.....

With best regards,
Suraj Dahal
Ganeral Secretary, UCEP Nepal

युसेप नेपालको

# रूपान्तरण

त्रैमासिक पत्रिका

वर्ष १ अंक १ २०६८ साल साउन

**सल्लाहाकार**
रामकृष्ण निराला
डा. तुल्सी भट्टराई
सुरज दाहाल
राजेश्वर देवकोटा

**सम्पादन मण्डल**
चन्द्र कुमार ढुंगाना
नवराज न्यौपाने
रिना श्रेष्ठ

मुद्रण : सानोठिमी प्राविधिक शिक्षालय
कार्यालय : युसेप नेपाल
सानोठिमी प्राविधिक शिक्षालय
सानोठिमी, भक्तपुर
फोन नं ०१-६६३१२७९

## विषय-सूचि


| क्रस | शिर्षक | विधा | पेज |
|---|---|---|---|
| १. | युसेप नेपाल | निबन्ध | ४ |
| २. | गरिबको जीन्दगी | कविता | ४ |
| ३. | म | कविता | ४ |
| ४. | एकछिन हाँसौ | | ४ |
| ५. | युसेपमा म कसरी प्रवेश गरे | | ५ |
| ६. | युसेप नेपालमा एक दिन | | ५ |
| ७. | युसेप नेपालमा एक दिन | | ६ |
| ८. | मोटरसाइकल मेकानिकल ट्रेनिङ | | ६ |
| ९. | अफसेट प्रिन्टिङ प्रेस तालिम | | ७ |
| १०. | प्लम्बिङ सम्बन्धी तालिम | | ८ |
| ११. | चुटकिला | | ९ |
| १२. | गजल | | ९ |
| १३. | मुक्तक | | ९ |
| १४. | जनरल मेकानिकल तालिम | | १० |
| १५. | जीन्दगी | कविता | ११ |
| १६. | युसेप नेपाल | कविता | ११ |


## सम्पादकीय

### रूपान्तरण अभियान

न्यूनतम शिक्षाबाट बञ्चित भई अलमलमा परेका बालबालिकाहरूलाई विभिन्न सिपमूलक तालिमको माध्यमबाट दक्ष कामदार तथा स्वरोजगार बनाई उद्योगमा रूपान्तरण गर्ने मुख्य कार्यमा युसेप नेपाल विगत लामो समयदेखि सक्रिय रहँदै आएको छ । यसैसन्दर्भमा यो न्यूनतम सुविधाविहिन बालबालिकालाई सिपको माध्यमबाट उद्योगी र मजदुरमा रूपान्तरण गर्ने अभियानमा अर्को एउटा इट्टाको रूपमा **रूपान्तरण** त्रैमासिक पत्रिका प्रकाशनको शुभारम्भ गरेका छौ । निश्चय पनि यसले सिप सिक्न चाहने तथा स्वरोजगार भई केही गर्न चाहनेहरूको लागि ठूलो सहयोग गर्नेछ । साथै हामीलाई आशा छ, भाइबहिनीहरूले यहाँबाट सिकेर गएको सिपलाई आफ्नो गाउँ घरमा अन्य आफूजस्तै साथीहरूलाई पनि सिप सिक्न अभिप्रेरित गर्नुहुनेछ ।

व्यक्ति, समाज र मुलुकलाई समृद्ध बनाउन व्यवसायीक सिप भएका दक्ष जनशक्तिको आवश्यकता पर्दछ । शिक्षित युवाहरू सजिलै यस्ता सिपहरू सिकेर स्वदेश तथा विदेशमा समेत विभिन्न काम गरी आय आर्जनमा लागि रहेका बेला विभिन्न कारणबाट न्यूनतम शिक्षाबाट बञ्चित भएका बालबालिकाहरूको भविष्यको बारेमा अनेकन प्रश्नहरू उठ्ने गरेको छ । त्यसैले अगाडि बढ्ने ढोका खुल्न नसकी अलमलमा परेका बालबालिकाको लागि निरन्तर क्रियाशील युसेप नेपालले लामो समयदेखि नै यस्ता बालबालिकाहरूको लागि सिप सिकाउँदै आएको छ । उनीहरूले सिकेको सिप अन्य त्यस्तै बालबालिकाहरूको लागि पनि उपयुक्त हुने तथा सिप सिक्ने क्रममा पनि त्यसलाई कसरी प्रभावकारी बनाउने भन्ने उद्देश्यले पत्रकारिता कक्षा सञ्चालन गरियो । सोही पत्रकारिताको प्रशिक्षणको माध्यमबाट आज तिनै बालबालिकाहरू आफूले सिकेको सिपलाई मौलिक रूपमा त्यसको व्याख्या गर्न सक्ने भएका छन् । भाइबहिनीहरूले प्राप्त गरेको यो सफलताबाट हामीलाई अत्यन्तै हौसला मिलेको छ । साथै उहाँहरूले देखाउनु भएको रूचिले हामीलाई आगामी दिनमा अझै यहाँ आएर प्रशिक्षणमा लाग्न थप हौसला मिलेको छ । हाम्रो यो पहिलो अंकमा केही त्रुटीहरू भएका हुनसक्छन् । यसलाई पढेर आगामी अंकमा रचनात्मक सुझावहरू प्रस्तुत गर्नु हुनेछ भन्ने हामीले विश्वास लिएका छौ । धन्यवाद ।

## शुभकामना

न्युनतम सुविधाविहीन वालवालिकाहरुको लागि शैक्षिक कार्यक्रम (युसेप) नेपालद्वारा संचालित सानो ठिमी प्राविधिक शिक्षालयले प्रथम पटक "रुपान्तरण" नामक त्रैमासिक पत्रिका प्रकाशन गर्न शुरु गरेकोमा म ज्यादै खुशी छु। शिक्षालयका प्रशिक्षार्थीहरुको विचार भावना र प्रतिभाको थैलिको रुपमा आएको यस "रुपान्तरण" पत्रिकाले निश्चय पनि युवाहरुमा रोजगार मुलक सिपको साथै बौद्धिक विकासको लागि पनि प्रेरणा प्रदान गर्न र उनीहरुको जीवनशैलीमा पनि सकारात्मक रुपान्तरण ल्याउन मद्दत गर्ने छ भन्ने विश्वास लिएको छु।

अन्तमा युसेप नेपाल (सानो ठिमी प्राविधिक शिक्षालय) ले यस वर्ष वाट शुरु गरेको यो प्रशंसनीय कदममा निरन्तर अगाडी बढ्ने क्रममा विश्राम लिन नपरोस र यसको लागि सबैबाट सहयोग प्राप्त भैराखोस भन्ने शुभकामना ब्यक्त गर्दछु।

धन्यवाद।

२०६८ श्रावण १९

राजेश्वर देवकोटा
कार्यकारी निर्देशक
युसेप नेपाल

निबन्ध

## युसेप नेपाल

यो एक गैरसरकारी नाफा रहित सामाजिक संस्था हो। यो सस्था ऐन २०३४ बमोजिम नेपाल सरकार जिल्ला कार्यालय भक्तपुरमा दर्ता भई समाज कल्याण परिषद्मा आवद्ध रहेको छ।

यसले "न्युनतम सुविधाविहीन तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका तथा किशोरकिशोरीहरुलाई रोजगारमुलक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र अनौपचारिक शिक्षा प्रदान गरि समाजमा सम्मानजनक एवं स्वतन्त्रता पूर्वक जीवनोपार्जन गर्न सक्षम बनाउनु" यस सस्थाको मुख्य उद्देश्य रहेको छ। सानो ठिमी प्राविधिक शिक्षालयले निम्न नियमित तालिमहरु सञ्चालन गर्दै आएको छ। जस्तै: अटोमोवाइल मेकानिकल, जनरल मेकानिक अफसेट प्रिन्टिङ्ग, प्रेस ड्राफ्टम्यानसिप, मोटरसाइकल मेकानिकल, प्लम्बिङ्ग एण्ड स्यानिटेशन, ईलेक्ट्रिकल (हाउस वायरिङ र मोटर रिवाइन्डिङ) बेसिक इलेक्ट्रोनिक्स/मोवाईल रिपेयर आदि।

यो संस्थाका विशेषताहरु धेरै रहेका छन्। संस्थाको नेतृत्व कार्यसमितिको प्रत्येक पाचँ वर्षमा साधारण सभाबाट निर्वाचन प्रक्रिया द्वारा छनोट गरिन्छ। संस्थाको सदस्यता प्रत्येक वर्ष राष्ट्रियस्तरको पत्रिकामा सुचना प्रकाशित गरी खुला गरिन्छ। संस्थाको आयव्ययको लेखा परिक्षण प्रत्येक वर्ष हुने गरेको छ। युसेप अरु अधिकाशं गैरसरकारी संस्थाहरु भै बाहिरी सहयोग र अनुदानमा निर्भर छैन बरु यसले आत्मनिर्भरता तर्फ आफ्नो पाइला सारेको छ। संस्थाको कुल खर्चको लगभग ६०-७० प्रतिशत आन्तरिक श्रोतबाट जुटाउन सफल भएको छ। संस्थाका पदाधिकारीहरु सबै अवैतनिक हुन र कसैले पनि बैठक वापत कुनै भत्ता लिने गरेका छैन। संस्थाको भौतिक संरचना र पुर्वाधार विशाल छ। प्राविधिक शिक्षालयमा प्रत्येक ट्रेडको लागि छुट्टा छुट्टै वर्कशपहरु छन्। आवश्यक कार्यक्रमहरुको लागि छात्रावास र भोजनालयको सुविधा छ।

*-माया चौधरी, दाङ*

कविता

## गरीबको जिन्दगी

धनीको जिन्दगी प्राडो र पजेरो
गरीबको जिन्दगी अन्धो र बहिरो
प्रेमको जिन्दगी धारीलो हतियार हो
कस्तो रहेछ गरीबको जिन्दगी
रोजगारको जिन्दगी पेट भर्ने बाटो
गरीबको जिन्दगी ढुङ्गो र माटो
धनीका जिन्दगी मुख भरिको हासो
गरीबको जिन्दगी आखाँ भरिको आशु
धनीका लागि जिन्दगी कापीमा कोरिने
भावना हो।
गरीबको जिन्दगी सम्भेर रुने
आधार हो।
कस्तो रहेछ गरीबको जिन्दगी

*कमला शाही*
*ताम्ली ८ रोल्या, जुम्ला*

## म

धन्य छौ युसेप तिमी गर्व गर्न सकुं म
अघी चढ्ने मौका दियौ गुण कैले तिरौं म
अन्धकारमा डुब्नेलाई उज्यालोले छाइदिन्छौ
अपरिचित व्यक्तिसँग परिचयको ढोका खोलिदिन्छौ
शुभकामना दिन्छु तिमीलाई पुष्प फुलको गुच्छाले हैन।
अरुलाई पनि मौका दिन्छौ तर शिर भुकाएर हैन।
सधै हाँस युसेप तिमी व्यथाहरु लुकाएर पनि
हार कैले नखानु युसेप जति ठाउँमा ठेस लागे पनि
धन्य छौ युसेप तिमी अरुलाई पनि मौका दिन्छौ
अपरिचित व्यक्तिसँग परिचयको ढोका खोलिदिन्छौ
अन्धकारमा डुब्नेलाई उज्यालो छाईदिन्छौ।

*सुनिता राई, खोटाङ्ग दिक्तेल, ड्राफ्टमेनसिप*

## ● अब केहि छिन हासौ ●

१. ग्राहक र व्यापारी बीचको कुरा

ग्राहक : सहु जी। कुकुले खाने विस्कुट छ?

व्यापारी : छ। किन नहुनु नी लिएर जानेकी यहि बसेर खाने।

२. बाबु छोरा बल खेल्ने क्रममा छोराले बाबुलाई सोध्छ।

छोरा : बुबा हामीले खेल्ने बल आकाशतिर हान्दा किन तलतिरै भर्छ?

बाबु : माथी खेल्ने मान्छे कोही नभएर होला नी।

*हिरा दर्जी, रामपुर-७ तिलकपुर, पाल्पा*

# म कसरी युसेप नेपाल आइपुगे ?

मिति २०६७ साल साउन महिना ३० गते हामी २ जना साथी आफ्नो गाउँबाट लमही आईपुग्यौ र अफिसमा गयौं । त्यहाँ आ-आफ्नो गाउँबाट धेरै साथीहरु पनि आएर बसेका रहेछन् । म पनि सबैलाई आफ्नो परिचय दिए हामी सबै साथी-साथी भयौं खुसी पनि लाग्यो दुख पनि लागि रहेको थियो । किनकी म आफ्नो घर परिवारदेखि टाढा हुदै थिए हामी सबै साथीहरु अफिसबाट बसपार्क आईपुग्यौ । हाम्रो टिकट साँझको ६ बजेको थियो ६ बजेपछि हामी सबै गाडीमा चढ्यौ र गाडी आफ्नै गतिमा गुड्यो मलाई भने पीर लागिरहेको थियो । कस्तो होला हामी बस्ने ठाउँ र मैले सिक्न खोजेको सीप छ कि छैन कसरी एक वर्ष बिताउने होला सोच्दै मत निदाएछु । रातीको १० बजे तिर खाना खाने ठाउँमा मेरो आँखा खुल्यो ।

कोही मेरा साथीहरु पनि गाडीबाट बाहिर झरे यता उता हेरे कोही साथीहरु खाना खाए भने मलाई खाना खान मन लागेन । एक छिन पछि सबै गाडीमा बसें अनि गाडी त्यहाँबाट गुड्यो । हामीलाई अफिसबाट सर लिन आउनुभएको थियो । हामीले सरलाई भेट्यौ र सरलाई भेटेपछि सरले हामीलाई नास्ता खुवाउनु भयो । नास्ता खाई सकेपछि हामी सबै साथीहरु सानो ठिमी भक्तपुर ९ नम्बर गाडीमा चढेर भक्तपुर गयौं । गेट भित्र प्रवेश गरें, गेट भित्र पस्दा मलाई रमाइलो पनि लाग्यो । यहाँ राम्रो राम्रो फुलहरु अनि मन्दिर हरियो दुबो देखेर मेरो मन पनि खुसी भयो । एक छिन यता उता घुमे हेरे त्यसपछि म्याडम आएर हामीहरुलाई खाना खुवाउन ल्याउनुभयो । हामी सबै लाइनमा बसेर खाना खायौ । खाना खाईसकेपछि म्याडमले हामी सबैलाई होस्टेलमा ल्याउनुभयो । म १ नम्बर क्रममा बसे हामी सबै आ-आफ्नो बेड रोज्यौ म्याडमले हामी सबैलाई तिमिहरु थाकेर आएका छौ, आराम गर भन्नुभयो । हामी सबै आराम गरेम दिउँसोको दुई बजेतिर म्याडमले नास्ता खान जाउ भन्नुभयो । हामी सबै नास्ता खान गयौं । सा'झ म्याडमले हामी सबैलाई बोलाउनुभयो युसेपको बारेमा नियम कानुन र के के सिप कस्तो छ । हाम्रो परिचय दिन लगाउनु भयो र कुन संस्थाबाट आएको सबै कुरा सोध्नुभयो । म्याडमले युसेपको बारेमा पनि सबै कुराहरु विस्तृत रुपमा बताउनु भयो । भदौ ३ गते देखि हाम्रो कक्षा सुरु हुने भयो ।

म पनि अफसेट प्रिन्टिङ्ग प्रेस सिक्ने भए । युसेपमा आएर सिप त सिक्न पाइयो नै सिपको साथै अरु धेरै कुरा पनि सिक्न पाइयो । मलाई यति रमाइलो लाग्यो कि सायद फेरि पनि यस्तो दिनहरु आउँछ कि आउँदैन । यहाँका सबै सर म्याडमहरु मलाई राम्रो लाग्यो । अफसेटमा सिक्न लागेको तीन चार महिना पुगे पनि म्याडमले मलाई वेल्डिङमा पनि नाम राख्न दिनुभयो र म बिहान ६ बजे देखि १२ बजे सम्म वेल्डिङमा जान लागे । वेल्डिङ पनि सिक्न थाले र मलाई प्रेस भन्दा वेल्डिङ राम्रो लाग्यो । अरुको लागि यो काम अप्ठ्यारो र नराम्रो भएपनि मेरो लागि यो काम राम्रो भयो वेल्डिङको बारेमा बुझ्दा अन्तिममा प्रेस छोड्ने भए । प्रेस छोडेर म वेल्डिङमा नै जान लागे वेल्डिङ को परीक्षा पनि दिए र मेरो अरु साथीहरु पनि वेल्डिङमा नै काम गर्ने भए । हामी तीन जना साथीहरु बाहिर जान लाग्यौ हाम्रो अहिले एक वर्ष पुग्न लाग्यो र युसेपबाट निस्कीने बेला पनि हुन लाग्यो । हामी तीन जना साथी सल्लाह गरेर अहिले वेल्डिङमा नै जागिर खानको लागि सरसँग कुरा पनि गरिसक्यौं । युसेपले मेरो अ'ध्यारो जिन्दगीलाई उज्यालो पारी दियो धन्यवाद छ । यो युसेप नेपाललाई ईश्वरलाई पनि मलाई युसेप सँग भेट गराइ दिएकोमा धन्यवाद छ । युसेपले म जस्तै अरु साथीहरुलाई पनि मौका दिईरहोस फेरी पनि धन्यवाद ।

*सावित्रा चौधरी, सिहनिया-६, दाङ*

# युसेप नेपालमा एक दिन

युसेप नेपाल भित्र सुरुमा आउँदा मलाई रमाइलो नै लाग्यो । युसेप नेपालले विभिन्न शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुलाई सिपमुलक तालिम दिई आत्मनिर्भर बनाउने र विभिन्न तालिम पछि यसले विभिन्न ठाउँमा रोजगार दिलाउने गर्दा रहेछ । हामी पाँच जना साथीहरु सँगै आएका थियौ र हामी युसेप नेपाल भित्र प्रवेश गरेपछि पाँच दिनसम्म कक्षामा गएनौ ।

हामी कक्षामा नगएर कोठामानै बस्यौ । मलाई कोठामा बस्दा एकदमै नरमाइलो लागेको पनि थियो । सबै साथीहरु आ-आफ्नो ट्रेडमा जाने र हामी पाँच जना साथीमात्र कोठामा हुन्थ्यौ । त्यसैले मलाई नरमाईलो पनि लागेको थियो । तर जब साथीहरु ट्रेडबाट कोठामा आउनुहुन्थ्यो । अनि मलाई सबै साथीहरुसँग बसेर बोल्दा, हाँस्दा, सबै साथी एकै ठाँउमा बसेर खाना खाने, एकै ठाँउमा बस्ने, सबैजना मिलेर हाँस्ने, बोल्ने गर्ने गर्‍यौ ।

त्यसैले यो युसेपमा आएर मैले कहिल्यै नदेखेका चिजहरु पनि यही आएर देख्न पाए । कहिल्यै नगरेका कामहरु पनि यो युसेपमा आएर गरे । यो युसेपमा आएर धेरै भन्दा धेरै टाढाका साथीहरुसँग घुलमिल हुन पाए । धेरै साथीहरुलाई चिन्न पाए । मलाई युसेप नेपाल भित्रको अनुशासन पनि मनपर्‍यो । त्यसैले युसेप नेपालमा बस्दा मलाई धेरै रमाइलो लाग्यो । यही नै मेरो यसेप नेपालमा बितेको एकदिनको पल हो ।

पवित्रा सुनवार, सोनपुर-८, देउखुरी, दाङ

# युसेप नेपालमा एक दिन

२०६८ साल भदौ ५ गतेका दिन युसेप नेपालमा तालिम लिनका लागि प्रवेश गरेको युसेपको ठूलो प्राङ्गण रमणीय वातावरण वरिपरि हरियाली देख्दा मनमा आनन्द लाग्यो। मेरो तालिम ड्राफ्टम्यानसिप भएकोले होस्टेलको तल्लो तलामा कक्षा कोठा भएको देख्दा रमाइलो लाग्यो। नयाँ परिवेश नयाँ साथी कुनै कुराको समस्या नभएकोले अचम्म लाग्यो। पहिले नै आफ्नो कक्षा कोठा देखेको हुनाले म एक्लै कक्षामा आएको देख्दा सबै साथी अचम्ममा परे र स्केल, Drawing board देख्दा त म कसरी पढ्ने जस्तो अनुभव भयो। साथीसँग परिचय गरे। शिक्षिकासँग परिचय भयो र सानो भएकोले सबैभन्दा अगाडि सिटमा बसे।

पहिलो दिन हुनाले सबैसँग घुलमिल हुन असजिलो अनुभव भयो। म पहिले घरबाट नै आउने हुँदा होस्टेलका साथीसँग धेरै नजिक थिइन्। दिउँसो १ बजे खाजा खान क्यान्टिन गए। म एक्लै भएकोले त्यस दिन खाजा पनि नखाइ बसे नरमाइलो अनुभव भयो। साथीहरुको याद आयो। एक दिन पनि लामो भएको जस्तो लाग्यो ४ बजे छुट्टीभए पछि बस चढेर घर गए। आफ्नो अनुभव घरमा सुनाए यसरी मेरो पहिलो दिन युसेपमा बित्यो।

*सरस्वती सिजापति, ललितपुर, नेपाल*

---

लेख

# मोटरसाइकल मेकानिकल टेनिङ्ग

मोटरसाइकलमा प्रयोग भएका विभिन्न पार्ट्पुर्जाको मर्मत तथा सर्भिसिङ्ग गर्ने कार्यलाई मोटर साइकल मेकानिकलको तालिम भनिन्छ। आजको समयमा नेपाल तथा विश्वभर मै पनि मोटरसाइकलको संख्या बढ्दै गएको छ। यि मोटरसाइकललाई मर्मत गर्न राम्रो तथा दक्ष मेकानिक्सको आवश्यकता पर्छ। यी दक्ष मेकानिक्सहरु युसेप नेपालले पनि उत्पादन गर्दै आएको छ।

सर्वप्रथम हामीले मोटरसाइकलमा मर्मत कार्य सञ्चालन गर्दा विभिन्न Tools को आवश्यकता पर्छ। हामी यि Tools को सहायता बाट विभिन्न बिग्रिएका भागहरु मर्मत गर्छौं। यि मर्मत गर्दा हात तथा शरिरका विभिन्न भागहरुमा फोहोर लाग्ने, मोबिल तथा अन्य कालो पदार्थ लाग्ने हुनसक्छ। त्यसैले शरिरमा एप्रोन लगाएर यसको काम गर्दा राम्रो हुन्छ। तर केही गर्नको लागि केही गुमाउनु पर्छ। हामीले यसलाई बिर्सिएर राम्रो पक्षलाई ध्यानमा राखी मोटरसाइकलको विभिन्न पार्ट्पुर्जाहरु राम्रोसँग मर्मत गर्नु एक दक्ष मेकानिक्सको दायित्व हो। हामीले मोटर साईकलका विभिन्न पार्ट्स मर्मत तथा सर्भिसि गर्दा विभिन्न नियमहरु हुन्छ। मोटरसाइकललाई Water pump द्वारा सफा गर्दा इन्जिन तातेको अवस्थामा सफा गर्नु हुदैन। यस्तो अवस्थामा विभिन्न समस्या आउन सक्छ। त्यसैले तातेको इन्जिन छ भने पहिला सर्भिसिङ्गका अन्य कार्य सकेर वासमा लैजानु पर्दछ।

हामीले मोटरसाइकल बनाउदा विभिन्न कुरामा ध्यान दिनु जरुरी छ। जस्तै हामीले एप्रोन तथा जुत्ताको प्रयोग गरेर काम गर्नुपर्छ। यस्तो गरेन भने विभिन्न जोखिमपूर्ण घटनाहरु हुन्छ। त्यस्तै मोटरसाईकलमा टायरको मर्मत गर्दा डबल स्टेन लगाएर मात्र कार्य सञ्चालन गर्नुपर्छ। त्यस्तै हामीले मोटरसाइकलको इलेक्ट्रिक विषयमा मर्मत गर्दा विभिन्न कुरामा ध्यान पुऱ्याउनु पर्छ। यस्तो कार्य नगरे करेन्ट लाग्न सक्छ। (तपाईहरुलाई ब्याट्रीले करेन्ट लाग्छ होला भन्ने प्रश्न उठ्यो होला) मोटरसाईकलमा एउटा Spark plug भन्ने एउटा पार्टस मा १०,००० Volt को करेन्ट हुन्छ त्यस्तो काम गर्दा ध्यान पुऱ्याउनु जरुरी छ। त्यस्तै मोटरसाइकलमा आएको समस्या अनुसार विभिन्न पार्ट्सहरुको मर्मत गर्ने कि रिप्लेस गर्ने भन्ने विषयमा सही समयमा ठोस निर्णय गरेर गर्नु पर्दछ। त्यस्तै सर्भिसिङ्ग मात्रै होईन, कहिलेकाँही विभिन्न समस्या लिएर आएका हुन्छन्। त्यस्ता समस्या मध्ये कुन समस्याको हल के हो भन्ने पत्ता लगाएर कार्य गर्नु उचित हुन्छ। जस्तो स्टार्ट नभएको मोटरसाइकल छ भने पहिला स्पार्क प्लगमा करेन्ट आएको नआएको हेर्ने, त्यसपछि इन्धन पास भएको नभएको हेर्ने, त्यसपछि मोबिलको अवस्था हेरेर समस्याको सही पहिचान गर्न सकिन्छ। समस्याको पहिला सही तरिकाले पहिचान गरेर मात्रै हल गर्दा चाँडो मर्मत गर्न सकिन्छ।

प्रदिप शिवाकोटी
जुन्द्रावती ६ दोलखा
ट्रेनिङ्ग : मोटरसाइकल मेकानिकल

# अफसेट प्रिन्टिङ प्रेस तालिम

घरमा मेरो वाजेले झुण्डयाइएको सहिदको फोटो हुन् या मेरो दाइको कोठामा टाँसेको फिल्मको पोष्टर हुन्, जचाँउनको लागि हेल्थपोष्टको कार्ड हुन् या मैले लगाएको टी–सर्टको आकृति, चाउचाउ हुन् या विस्कुट, घर जाँदा काट्ने वसको टिकट हुन् या स्कुल जाँदा वोक्ने पुस्तक हुन् या विहान सवेरै गेटभित्र फ्याँकेर जाने पत्र-पत्रिका हुन् वा सवैलाई चाहिने रुपैयाँ हुन्, ती सवै वस्तुहरुमा कुनै अक्षर वा आकृतिहरु जस्तोसुकै भए पनि छापाखाना अथवा प्रेससमा छापीएका वस्तुहरु हुन् । छापाखानाको विकास संगसगै मानव जीवनले जानी वा नजानी यसको प्रयोग गर्दै आईरहेको छ , भलै उसले छापाखानाको वारेमा जानकारी नभए पनि उसको जीवनको अभिन्न अंग वनेर वसेको पाईन्छ ।

छपाईको इतिहास मानव विकास संगसंगै जोडिएर आएको छ । परापूर्वकालमा आफ्नो मनको वह पोख्न ढुङ्गामा कोरिन्थ्यो । यसरी कोरेको आकृतिहरु नितान्त व्यक्तिगत हुन्थ्यो । विस्तारै विस्तारै आवश्यकता नै अनुसन्धानको जननी भनेझै मुद्रण प्रविधिको विस्तारमा नयाँ आविस्कार हुदै आए ।

छपाईको इतिहासमा नयाँ आविस्कार मध्ये छपाई विधिको सर्वाधिक प्रचलित विधि अफसेट विधि हो । यसका आविस्कार ALOIS SENEFELDER हुन् । उनले सन् १७९८ मा धोविलाई लुगा धुलाउने क्रममा यसको सिद्धान्त पत्ता लगाएका थिए ।

अफसेट प्रेसको विशेषता भनेको प्लेट सिलिण्डरमा SET भएको सुल्टो अक्षर व्लान्केट सिलिण्डरमा उल्टोOFFभई पछि पुनः सुल्टो SET भई छपाई गर्ने भएकोले यसलाइ OFFSET प्रेस भनिएको हो । यसलाई PLANOGRAPHIC, छाँया प्रेस पनि भनिन्छ ।

यसको मूल सतह समतल हुन्छ । यो विधिको सिद्धान्त अनुसार मसी र पानी एक आपसमा मिश्रण नहुनु हो ।

यसलाई व्याख्या गर्ने हो भने प्लेटमा दुई भाग हुन्छ, छपाई हुने क्षेत्र, छपाई नहुने क्षेत्र । छपाई हुने क्षेत्र चिल्लो भएको कारण पानी रहदैन, छपाई नहुने क्षेत्र चिल्लो नभएकोले पानी रहन्छ, जहाँ पानी रहन्छ त्यहाँ चिल्लो मसी वस्दैन, अर्थात छपाई हुने क्षेत्रले मसीमात्र लिन्छ छपाई नहुने क्षेत्रले पानी मात्र लिन्छ ।

*प्रेसको कार्यमा तीन चरणमा हुन्छ ।*

*प्रि-प्रेस*- छपाई कार्य गर्नु अघिको सवै कार्यलाई प्रि-प्रेस भनिन्छ । जस्तै( पाण्डुलिपि,भाषा सम्पादन, कम्प्युटर डिजायन,आर्ट, सि.आर.सी., रि-प्रो क्यामरा, स्ट्रीपीङ्ग, प्लेट मेकिङ्ग, सी. टी. पी. इत्यादि ।)

*प्रेस*- मेसीनले छपाई कार्य गर्नेलाई प्रेस भनिन्छ ।(विल रसिद, भौचर,व्रोसियर ,पाठ्यपुस्तक इत्यादि ।

*पोष्ट प्रेस*- छापीसकेपछिको गर्ने कार्यलाई पोष्ट प्रेस भनिन्छ ।जस्तै फोल्डीङ्ग, ग्यादरिङ्ग, नम्वरीङ्ग, स्टीचिङ्ग, परफेटिङ्ग, ग्लुइङ्ग, कटिङ्ग, प्याकिङ्ग इत्यादि । कुनै पुस्तक छपाई गर्नु पर्‍यो भने सर्वप्रथम लेखकले लेखेको पाण्डुलिपीलाई सफा अक्षरले सारिन्छ । त्यसलाई कम्प्युटर डिजाइनवाट लेखकको इच्छा अनुसार साइजमा लेआउट गर्छ । करेक्सनको लागि प्रुपप्रिन्ट निकाल्छ । प्रुफ रिडरले सच्याउने चिन्ह प्रयोग गरी सच्याउने गर्छ । पुनः प्रिन्ट निकाल्छ, प्रुफ रिडरले पुनः एक पटक सच्याउने गर्छ, फाइनल प्रिन्ट निकाल्छ ।यसरी फाइनल प्रिन्ट निकालेको प्रिन्टरको टोनर भने राम्रो हुनुपर्छ । यसलाई रि-प्रो क्यामरामा नेगेटिभ खिच्ने काम गर्छ । हिजोआज छिटो समय र सस्तोको लागि ट्रेसिङ्ग पेपरमा प्रिन्ट निकाली पजेटिवको रुपमा प्रयोग गर्ने वढी चलनमा छ । यसलाई Stripping, Pasting गरी प्लेट मेकिङ्गमा लगि प्लेट वनाउने कार्य गर्दछ । प्लेट मेकिङ्ग मेसिनमा भ्याकुम हुन्छ, प्रकाशको श्रोत हुन्छ । भ्याकुमले प्लेट र फ्लाट वा पजेटीव लाई राम्रो सम्पर्क गराउँछ र प्रकाशको श्रोत कालो भागवाट प्रकाश छिर्न सक्दैन र सेतो भागवाट प्रकाश छिर्छ, त्यहि आकृति प्लेटमा सर्छ, डेभलभ गर्दा हु-वहु प्लेटमा आकृति आई सकेको हुन्छ, तर हिजोआज स्तरिय छपाईको लागि सी.टी.पी.वढी प्रयोग गरेको पाईन्छ । यसरी प्रि-प्रेसको कार्य पश्चात आवश्यक साइजमा कागज काटी छपाई गरिन्छ । छपाई भइसकेको फर्मालाई फोल्डीङ्ग, ग्यादरिङ्ग, स्टिचिङ्ग, ग्लुइङ्ग कभरिङ्ग वा सिलाई गरी पुस्तकको साईज अनुसार ट्रीमीङ्ग सवै हातले नै गरिन्छ । हिजोआज छिटो चाहिने भएकोले मेसिनवाट पनि गर्ने गरिन्छ । यसरी पाठ्यपुस्तक तयार हुन्छ ।

*स्किन प्रिन्ट*

यसको प्रमुख विशेषताहरु :क) सवै सतहमा छपाई गर्न सकिने । ख) मेसिनको आवश्यकता नभएको । ग) विजुली पानीवाट अप्रभावित । घ)कमसंख्यामा स्थायी ग्राहक । ङ) ध्वनी तथा प्रदुषण रहित । च) कम पूंजीको घरेलु उद्योग ,। छ) अनेक सहायक उद्योगको लागि सुविधा । ज) नोक्सानीको सम्भावना कम । झ) असिमित लाभ ।

स्किन प्रिन्टव्दारा निम्न वस्तुमा छपाई गर्न सकिन्छ । कागज, कपडा, जुटवोरा, छाला,काठ , टीन, प्लेट, धातु, मेसीनको पार्टस वडी, सिसा माटोका भाँडो अन्य धेरै वस्तुमा .... । यसलाई स्टेन्शील छपाई पनि भनिन्छ ।

स्किनको अर्थ जाली प्रिन्टको अर्थ छपाई अर्थात जालीको माध्यमवाट छपाई गर्नेलाई स्किन प्रिन्ट भनिन्छ । यसको मूल सतह फ्रेममा तन्कीएको छिद्र भएको कपडा हो । यसको लागि निम्न सामानहरुको आवश्यकता पर्दछ । स्क्रीन जाली कपडा विभिन्न नम्वरमा, ख) मसी– पिभिसि, ग्लस, म्याट, ग) स्क्वीजी विभिन्न साईजमा, घ) टेवुल, ङ) क्लाम्प, च) २ वटा सिसा छ) फोम ज) हाइड्रोजन पेरोअक्साईड झ) ट्रे ञ) रिडुसर ट) ऱ्याक ठ) वेस्टेज पेपर, ड) सानो सानो सुती कपडा, ढ) फाईभ स्टार फिल्म ण) तातो पानी त) सुपरकोट ठ) प्याकिङ्ग टेप, सेलोटेप ड) चक्कु, व्रस, ग्लु स्टीक इत्यादि ।

स्किन प्रिन्ट छपाइ गर्ने तरिका

आवश्यक साईजमा फाइभ स्टार फिल्म काट्ने,फिल्मलाई सिसा र फोमको माथि फाईभ स्टार फिल्मको इमल्सन तल वेस माथी राखी अर्को सिसाले थिचेर पेपर क्लाम्पले च्यापी घामको श्रोत अनुसार एक्सपोज गर्ने । हाइड्रोजनले हार्डनिङ्ग गर्ने, तातो पानीले पखाल्ने , प्रकाश छिर्न नसकेको कालो भाग सवै खुइलेर जान्छ, प्रकाश छिरेको भाग रहिरहन्छ । यसरी स्टेन्शील तयार भएपछि फ्रेममा उपर्युक्त स्थानमा टाँस्ने, सुकाउने, वेकिङ्ग सिट उप्काउने , फ्रेममा चारैतिर टेपीङ्ग गर्ने, गाइड लाईन मिलाउने, कुन रङ्गमा कति छाप्ने तय गर्ने ऱ्याकहरु मिलाउने, वेस्टेज पेपरमा छापेर हेर्ने । अर्डर अनुसारको मसीको संयोजन ठीक छ छैन, सहि ठाउमा छपाई भएको छ छैन भनी जाँचेर हेर्ने । यदि सवै ठीक छ भने छपाई गर्ने, यसरी स्किन प्रिन्ट गरिन्छ । यो कार्य कम लगानीमा घरेलु उद्योगको रुपमा चलाउन सकिन्छ ।

अन्तमा...............

हाल नेपालमा पनि अफसेट प्रेसको प्रयोग अत्याधिक भएकोले प्रेस सम्वन्धी सिप सीकेमा सजीलै रोजगार पाउन सकिने तथा आफैले स्किन प्रिन्ट खोलेर वा मेसीन राखेर स्वरोजगार भई काम गर्न सकिन्छ ।

*बिन्नु राई (जेनिशा नाम्लुङ्ग) दोभाने-४, भोजपुर सालेवा रमाईलो बस्ती*

लेख ——

# प्लम्बिङ सम्बन्धी तालिम

पानीका विभिन्न स्रोतहरु (कुवा, इनार, बोरिङ, खोला नदी आदि) बाट प्राप्त पानीलाई संकलन गर्ने, आवश्यकता अनुरुप प्रशोधन गर्ने, उक्त प्रशोधित पानीलाई आवश्यकता अनुसारका ठाउँहरुमा वितरण गर्ने साथै प्रयोग गरे पश्चातको फोहोर पानीलाई उचित ढल निकासको व्यवस्था गर्ने सम्मका सम्पूर्ण कार्यहरुलाई Plumbing भनिन्छ। Plumbing को सुरुवात ईटालीको रोम शहरबाट भएको हो। रोमबासीले शुरुवात लिड धातुबाट पाइप बनाएका थिए र उक्त लिड धातुलाई ल्याटिन भाषामा 'Plumbub' भन्ने गर्दथे। यही लिड धातुबाट बनेको Pipe प्रयोग गरी पिउने पानी तथा ढल निकासको व्यवस्था गरेको हुदाँ उक्त कार्यलाई 'Plumbing' भनियो। यसरी आज विश्वभरि Plumbing मा विभिन्न किसिमका Pipe को प्रयोग भईरहेका छन्।

१. G.I. Pipe (Galvanaized Iron pipe)
२. C.I. Pipe (Cast Iron pipe)
३. Pe pipe(Polythine pipe )
४. P.V.C Pipe (Polyvinal chloride)
६. C.P.V.C. pipe
७. Multilayer composite or pex pipe. etc

नेपालमा प्राय गरी दुई किसिमका H.D.P र G.I पाईपहरु खानेपानी योजनाको लागि प्रयोग गरिन्छ। त्यसैगरी P.P.R पाईप घरमा खानेपानीको लागि प्रयोग गरेको पाईन्छ आजभोली त P.V.C पाईप पनि घरमा Toilet, Bathroom, Kitchen आदि ठाउँको फोहोरलाई व्यवस्थापन गर्न प्रयोग गरिन्छ।

यी विभिन्न प्रकारका Pipe हरुलाई पानीका विभिन्न स्रोतहरुबाट संकलन गरिएको पानीलाई आवश्यकता बमोजिम प्रशोधन गर्ने ठाउँसम्म र प्रशोधन गरेको ठाउँदेखि आवश्यकताअनुसार प्रयोग गर्ने ठाउँसम्म पुऱ्याउन प्रयोग गर्ने ठाउँसम्म पुऱ्याउन र प्रयोग गरे पश्चातको पानीलाई उचित ढल निकासको व्यवस्थापन गर्नसम्मका लागि प्रयोग गरिन्छ।

पानीका विभिन्न स्रोतहरुबाट संकलन गर्ने स्थानसम्म आवश्यकता अनुसार High class को G.I Pipe वा H.D.P.Pipe प्रयोग गरिन्छ। संकलन भएको ठाउँबाट खानेपानी संस्थानले उपभोक्ताहरु समक्ष पुऱ्याउनका लागि विशेष गरी High class कै G.I पाइप नै प्रयोग गरेको हुन्छ। खानेपानी वितरण गर्ने मुख्य Pipe line बाट Ferrule cock' नामको (पित्तल) को Fitting प्रयोग गरिन्छ। सम्पूर्ण ग्राहक (उपभोक्ता) ले समान रुपले पानी उपभोग गर्ने मुख्य Pipe line मा प्रयोग गरिने Valve नै Ferrule cock हो। यसले पानीको असमान वितरणलाई रोक्दछ।

खानेपानी संस्थानले दिने पानीको Pipe line हाफ ईन्चका हुन्छ र उपभोक्ताले त्या Size भन्दा ठूलो पाइप लाइन राख्न पाउदैन, राख्नु परेमा त्यो आफैले संस्थानले दिने Pipe line बाट सम्बन्ध नलिई व्यक्तिगत बोरिङ इनार, कुवा आदि बनाउनु पर्नेछ।

G.I.Pipe तिन प्रकारको हुन्छ। G.I. Pipe लाई 'On the basis of wall thickness' अर्थात Pipe को भित्ताको मोटाईको आधारमा प्रकार छुट्याइएको हुन्छ। ती यस प्रकारका छन्।

1. Heavy\ High class G.I.Pipe
2. Medium class G.I.Pipe
3. Light class G.I.pipe

***G.I fitting हरु यस किसिमका छन्।***

1. G.I.Socket
2. G.I T
3. G.I. Elbow
4. G.I. Union
5. G.I Cross Over
6. G.I. Tank Nipple
7. G.I.Cap
8. G.I.Plug
9. G.I cross T
10. G.I.Hegzanal Nipple
11. G.I.Reducer Socket
12. G.I.Reducer T
13. G. I.Reducer Elbow
14. G.I. Reducer male female Elbow

- G.I.Socket - दुई ओटा पाईपलाई आपसमा सिधा हुने गरि जोड्ने वस्तुलाई नै G.I. Socket भनिन्छ।

यसमा भित्री Thread हुन्छ। यसमा female thread हुन्छ।

• P.P.R को सकेटलाइ Coupler नै भनिन्छ। पाईपका प्रकार अनुसार सकेटलाई विभिन्न फरक-फरक नाम राखिएता पनि सबै Socket को काम एउटै हुने गर्छ। अवस्थाअनुसार फरक-फरक Pipe का fittings ले गर्ने काम एउटै हुने हुँदा डर मान्नु पर्दैन। पाइपहरु फरक छन् भने उनीहरुलाई जोड्ने तरिका पनि फरक - फरक नै हुन्छ। जस्तै : G.I Pipe का Fittings लाई thread भएको कारण thread Joint गर्न सकिन्छ, धातु बाट बनेको हुनाले यसलाई Welding गर्न पनि सकिन्छ अनि दुवै पाइपको बीचमा वासर र नट बोल्ट राखी एक आपसमा Flage joint पनि गर्न सकिन्छ।

त्यस्तै: H.D .P.Pipe high Density polythine line) का Fittings हरु पाइपबाटै बनाउन पनि सकिन्छ र बजारमा बनिबनाउ किनेर पनि जोड्न सकिन्छ।

त्यस्तै : P.V.C (Polivinal cloride) का Fittings हरु बजारमा Compny कै बनिबनाउ पाईन्छ। तर कुनै -कुनै अवस्थानुसार बनाउन आफैले पनि सकिन्छ। यसलाई जोड्ने वासर हुन्छ, Solvent ciment P.V.C. Glue पनि हुन्छ र आगोमा तताएर अवस्था अनुसार जोड्न सकिन्छ।

त्यसैगरी P.P.R का Fitting हरु पनि Company द्वारा बनाइएका हुन्छन्। यसलाई भने P.P.R Welding Machine द्वारा मात्र जोड्न सकिन्छ, त्यसको अलावा अन्य कुनै उपाय छैन तर अपवादमा आफ्नै उपाय पनि लगाउन नसकिने होइन तर टिकाउ स्तरीय हुदैन

*विक्रम सिंह*

## चुटकिला

कमीला र हात्ति प्रेमी र प्रेमीका थिएँ।

हात्ति : हात्तिले भनेछ प्रेमीका आज हामी सुन्धारामा घुम्न जाउँ।

कमिला : हुन्छ त प्रेमी घुम्न जाउँ।

हात्ति र कमिला : घुम्दै गर्दा कमिलाको बाबा आएको देख्यो।

कमिला : ल मेरो बाबा आउनुभयो म कहाँ लुकुँ

हात्ति : आउन मेरो छातीमा टास्सिन अनि तिम्रो बाबाले देख्नुहुन्न।

*-कमला चौधरी , दाङ्ग सोनपुर नर्ति*

## मुक्तक

संघर्षका पाइलाहरु
सधै अगाडि बढिरहुन्
जीवनको अन्तिम क्षणसम्म
शिक्षाका दिप बलिरहुन्
दुःखका सम्पूर्ण उद्देश्य
संघर्षमा चलिरहुन।

यसेपले देखाएको बाटो
हामी सबैले हिड्नु छ
सिक्यौ सिप समयसँगै
अब हामीले केही गर्नु छ।

युसेप हो त्यस्तो ठाउँ
हामी सबैको भविष्य
दियौ हामीलाई जीवन उपयोगी सिप
दिन्छु अन्तर मनदेखि सफलताको कामना।

ठेगाना

*डिल ब. रोकाय*

*लाटीकोइली-८ सुर्खेत शिव मन्दिर लाइन*

## गजल

विद्या नै हो ठुलो धन अरु चाहिदैन
बुवा आमा देउ अरु चाहिदैन।

विद्या भन्दा संसारमा ठुलो केही छैन
अबदेखि विद्यालय नगई भाको छैन।

पढलेख भाइ बैनी धोका हुने छैन
संसारमा विद्या भन्दा ठुलो केही छैन।

घाँस दाउरा नबोकाई स्कुल पठाईदेउ
मेरो मनको पढ्ने धोको छिट्टै पुऱ्याइदेउ।

*कमला शाही*

*जिल्ला : हुम्ला*

*गा.वि.स : छिफा ७ भाजा*

# जनरल मेकानिकल तालिम

युसेप नेपाल गैरसरकारी नाफारहित सामाजिक सस्था हो । यस संस्थाको स्थापना बङ्गलादेशको राजधानी ढाकामा न्युजील्याण्ड निवासी डा. एलन चेनीव्दारा सन् १९७२ मा भएको थियो । बङ्गलादेशमा यस कार्यक्रमले राम्रो सफलता पाए पछि सन् १९७८ तदनुसार २०३४ सालमा यस संस्थानको स्थापना नेपालमा भएको थियो । यस संस्थाको स्थापना वाल कल्याणमा समर्पित हुने समाजसेवी डा. चेनिले नेपालमा स्थापना गरेका हुन । नेपालमा यस संस्थाको कार्यालय भक्तपुर जिल्लाको सानोठिमीमा रहेको छ । यस संस्थाले प्रत्येक ५ वर्षका लागि कार्यसमितिको चयन गरेको छ ।

न्युनतम् सुविधाविहिन तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका तथा किशोर किशोरीहरुलाई रोजगारमुलक प्राविधिक शिक्षा, व्यावसायी तालिम र अनौपचारिक शिक्षा प्रदान गरि समाजमा सम्मानजनक एवम 'स्वतन्त्रता पूर्वक जीवनकोपार्जन गर्न सक्षम बनाउनु' यस संस्थाको मुख्य भुमिका रहेको छ । यस संस्थाले विभिन्न कार्यक्रमहरु ल्याएको छ । यस संस्थाले युसेप नेपालमा हाल १० ओटा तालिमहरु सञ्चालन गरेको छ । ती निम्नअनुसार छन् । अटोमोवाइल मेकानिकल, जनरल मेकानिकल, अफसेट प्रिन्टिङ्ग प्रेस, ड्राफ्टम्यानसिप, मोटरसाईकल मेकानिकल, प्लम्बीङ्ग, हाउस वाईरिङ्ग, वेसिक इलेक्ट्रोनिक्स, वेल्डीङ्ग र हालै संञ्चालनमा आएको JCB आदि यस संस्थाले युसेप नेपालमा otc तालिम समेत सञ्चालन गरेको छ ।

जनरल मेकानिकल एउटा मेसिन सम्बन्धी सम्पुर्ण कार्यहरु पर्दछ । यस ट्रेनिङ्ग सिकेर मेकानिकल सम्बन्धी ईन्जिनियरिङ्गको अध्ययन पनि गर्न सकिन्छ । जनरल मेकानिकलले राम्रो भूमिका खेलेको पाईन्छ । किनभने जनरल मेकानिकल ईन्जिनियरिङ्ग अध्यायले भुईमा गुड्ने गाडी देखि लिएर आकाशमा उड्ने हवाईजहाज समेतका पुर्जाहरु बनाईन्छन् । जनरल मेकानिकलले मानिसहरुलाई हरेक कार्यहरुमा सुविधा दिएको पाईन्छ । जनरल मेकानिकलहरुको काम गर्दा हरेक कुराहरुमा ध्यान आकर्षण गर्नुपर्दछ । यदि ध्यान आकर्षण नगरेमा दुर्घटना हुने सम्भावना बढी हुन्छ । त्यसैले जनरल मेकानिकल सम्बन्धी कार्य गर्दा निम्नकुरामा ध्यान दिनुपर्छ ।

१. एप्रोन र जुत्ताको प्रयोग गर्नुपर्छ ।

२. वर्कसपमा कार्य गर्दा ख्याल ठट्टा गरेर चल्नु हुदैन ।

३. कुनै पनि मेसिन चलाउँदा ON\OFF आफै गर्नु पर्दछ ।

४. हातमा सिक्री, घाटींमा टाई लगाउनु हुदैन । साथै लामो कपाल पाल्नु हुँदैन । यदि लामो कपाल भएमा टोपीको प्रयोग गर्नुपर्छ ।

५. यदि मेसिनको बारेमा ज्ञान छैन भने यस मेसिनलाई चलाउनु हुदैन ।

६. काटिएका चिप्सहरुलाई हातले समाल्नु हुदैन ।

७. चलिरहेको मेसिनको गेयर बदल्नु हुदैन ।

८. चलिरहेको मेसिनमा कुनै पनि नाप लिनु हुदैन ।

९. वर्कसपमा कुनै पनि वस्तुहरु वा Tools हरुलाई फालेर दिनु हुदैन ।

१०. कुनै पनि चलिरहेको मेसिनलाई हातले समाल्नु हुदैन ।

यी माथिका मुख्य कुराहरुमा राम्रोसँग ध्यान दिएर कुनै पनि मेकानिकल सम्बन्धी कार्यमा सहभागी हुनुपर्छ । यदि यी कुराहरुमा ध्यान नदिएमा खतरा हुन सक्छ । मेकानिकल ट्रेनिङ्गबाट विभिन्न प्रकारका सामानहरु बनाउन सकिन्छ । ती सामानहरु बनाउँदा प्रयोग हुने औजारहरु निम्न छन् । File, Hack sow, Try square, TAPS, ..File, Hammer, Chisel, Tools, Drill, Caliper etc. मेकानिकल सम्बन्धी विभिन्न प्रकारका मेसिनहरु छन् । ति मध्ये केही मेसिनहरु निम्न छन् ।

१. Lathe machine (लेथ मेसिन)

२. Milling mach ine-(मिलि मेसिन)

३. Drill machine (ड्रिल मेसिन)

४. Shaper mechine (सेपर मेसिन )

५. Capsten lathe machine (क्यापिस्टन लेथ मेसिन)

६. Universal milling machine (युनिभर्सल मिल मेसिन)

यी माथिका मेसिनहरु हाल यस युसेप नेपालमा सञ्चालित छन् । यि मेसिनहरु मध्ये Lathe machine सम्बन्धी राम्रो ज्ञान पाएको छु । Lathe machine सम्बन्धी कार्यहरु र मेसिनका पुर्जाहरु सम्बन्धी व्याख्या निम्नानुसार गरिएको छ । Lathe machine एउटा फलामको कार्य गर्ने मेसिन हो । यस मेसिनले Turning, Facing, Boring, Ecentric, drilling, straight turning, Step turning, Taper Turning, Grooving, Threading, knurling, Chamfering, Reaming, parting, straight, Step boring, Taper Boring जस्ता अप्रेसनहरु यस Lathe machine बाट गरिन्छ । यस मेसिनबाट गाडीका पुर्जाहरु, कलकारखानाका सामानहरु, लगायत सम्पूर्ण फलाम सम्बन्धी कार्यहरु र विभिन्न किसिमका मेसिनका Shaft हरु बनाईन्छ । यस मेसिन कार्य गर्नु भन्दा सम्पुर्ण कार्य गर्दा प्रत्येक भागमा नाम थाहा पाउनुपर्दछ । Lathe machine का Parts हरु निम्नअनुसार छन् ।

1. Head stock

All geared head stock

Cone pully type head stock

Chuck
Head stock spindles

2. Tail stock
   - Tail stock locking leavers
   - Spindle
   - Spindle locking leavers
   - Revolving center
   - Hand whill
3. Bed
   - 'V' Shape bed
   - Flat bed
   - Gap bed
4. Cross slides
   - Compounds slide
   - Half not leaver
   - Feed enged leaver
   - Feed locking leaver
   - Apron Box
   - Microcolor
   - Saddle

Threading

5. Rock
6. Lead screw
7. Feed rood
8. Tool post
   - Tool post locking leaver
9. Four bolt
10. Gear box or quich chande gear box

Lathe machine सम्बन्धी सम्पूर्ण कार्य गर्दा माथिका machine का भागहरुको बारेमा राम्रो ज्ञान हुनुपर्दछ। यदि राम्रोसंग ज्ञान छैन भने उक्त मेसिनको राम्रो ज्ञान लिनुपर्दछ। युसेपले विभिन्न तालिमहरु सञ्चालन गरेर सुविधा विहिन बालबालिकाहरुलाई रोजगार मुलक दक्ष जनशक्तिको उत्पादन गरेको छ। यहि नै यस संस्थाको विशेषता हो।

Introduction
Prashant budha magar
Rolpa pachhabang 1
9813800304

# कविता

## युसेप नेपाल

युसेप नेपाल तिम्रो सानो गीत गाउन मन लाग्यो
सिप सिक्न सानोठिमी आउन मन लाग्यो।

सुविधाविहीन किशोर किशोरीहरुलाई रोजगार मुलक बनायौ
त्यसैले त तिम्रो पोसाक लाउन मन लाग्यो।

हिमाल, पहाड, तराई, मधेश मेचिकाली फैलिदा
अखण्ड यो मातृभूमीमा तिम्रै विचार छाम्न मन लाग्यो।

धन्यवाद छ ऐलान चेनी युसेपको स्थापना गर्‍यौं
ढाकादेखि भक्तपुरसम्म तिम्रै अफिस धाउन मन लाग्यो।

भृकुटी, सिता बुद्ध जन्मेको देश नेपालमा
जब तिमी फैलियौ तिम्रै शिक्षा पाउन मन लाग्यो।

१९७२ मा युसेप नाम जसले राखे
सगरमाथा भाको देशमा उनै मान्छे खोज्न मन लाग्यो
युसेप नेपाल तिम्रो गीत गाउन मन लाग्यो।

-लोकेन्द्र बहादुर शाही (एलसन)
रिपवा ८ अछाम

## जीन्दगी

रगतको साइनो रातो भएपनि
स्वच्छ मनको परिचय राम्रो हुन्छ॥
भिन्दा भिन्दै कोखबाट जन्मिए पनि
मित्रताको साइनो प्यारो हुन्छ॥
जहाँ सुर्यको प्रकाश हुन्छ
त्यहाँ छायाँको संगम हुन्छ॥
जहाँ भेट र परिचयको अभ्यास हुन्छ
त्यहाँ माया र ममताको प्रवेश हुन्छ॥
परिस्थितिले टाढा भए पनि
मित्रताको याद भने सधै आईरहोस॥
मुटु र रगतको नाता भन्दा पनि
भावनाको परिचय नै राम्रो हुन्छ॥
जन्म र कोखको फरक भएपनि
मित्रताको बन्धननै पवित्र हुन्छ॥
जिउँदो लास पुरीएको धर्ती
एक चिहान हो॥
क्षीण मेरो जिन्दगी
साझँ होकी बिहान हो॥

*-लक्ष्मी बि.सी, रामघाट, सुर्खेत*

# सानोठिमी प्राविधिक शिक्षालयको एक झलक
















